# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं

मिति : २०७५।०७।०९

**प्रेस विज्ञप्ति**

नेपाल पत्रकार महासंघ इलाम शाखाका उपाध्यक्ष एवं लोकल सन्देश डटकमका प्रधानसम्पादक सुजन तिम्सिनालाई इलामस्थित सूर्योदय नगरपालिका-३ का वडा अध्यक्ष होम कार्कीले धम्की दिइएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघ इलाम शाखाका अनुसार अनलाइनमा प्रकाशित समाचारको विषयलाई लिएर कात्तिक २ गते पत्रकार तिम्सिनालाई वडा अध्यक्ष कार्कीले 'म पनि सूर्योदयकै बासिन्दा हुँ, मेरो बारेमा समाचार किन लेखेको' भन्दै फोनबाट धम्क्याएका थिए ।

समाचारप्रति चित्त नबुझेमा अपनाउनुपर्ने उपचारका अन्य विकल्पलाई छाडेर सार्वजनिक पदमा बसेका जिम्मेवार व्यक्तिबाट पत्रकरलाई धम्की दिनु आफैंमा निन्दनीय र खेदजनक कार्य हो । महासंघ प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न र यस्ता घटना नदोहोर्‍याउन सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org